# सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# पन्ध्रौं बार्षिक साधारण सभाको
# निर्णय विवरण (माईन्युट)

१) **प्रारम्भिक**

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा सम्पन्न भयो। साधारण सभाका निर्णयहरु तथा अन्य काम कारबाहीको विवरण देहाय बमोजिम रहेका छन्।

मिति : २०८०/०२/०४ (तदनुसार १८ मई २०२३) बिहिबार

स्थान : होटल हैरिसन प्यालेस, बजरंगबली मार्ग, विराटनगर।

समय : बिहान १०:०० वजे

२) **उपस्थिति**

**क) सञ्चालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री केशव प्रसाद भट्टराई | अध्यक्ष |
| २. | श्री नन्द किशोर शर्मा | सञ्चालक |
| ३. | श्री हेमन्त नाहटा | सञ्चालक |
| ४. | श्री विवेक झा | सञ्चालक |
| ५. | श्री प्रिया तायल | सञ्चालक |
| ६. | श्री चुडामणि देवकोटा | स्वतन्त्र सञ्चालक |
| ७. | श्री आकाश गोल्छा | सल्लाहकार |

**ख) पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रकाश विक्रम खत्री | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री पवन कुमार खड्का | वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री भरत के.सी. | कम्पनी सचिव |
| ४. | श्री रमेश कुमार के.सी. | का.मु. प्रमुख, प्रशासन विभाग |
| ५. | श्री तारा दाहाल | प्रदेश प्रमुख, प्रदेश नं. १ |

**ग) अन्य उपस्थिति**

| | | |
|---|---|---|
| १. | अधिवक्ता श्री पुनम कुमार गुप्ता | निर्वाचन अधिकृत |

**घ) शेयरधनीहरुको उपस्थिति**

- उपस्थित शेयरधनीहरुको संख्या : २४६ जना
  स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या : १८ जना
  प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीको संख्या : २२८ जना
- शेयरको प्रतिनिधित्व संख्या : ३,००,४१,०३९
- शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ६६.०८%

यस सभामा सहभागी हुन पाउने कुल ४४५१५२ शेयरधनीहरु मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए।

SuryaJyoti
Life Insurance Co. Ltd.

३) **छलफलका विषयहरु :**

क) **सामान्य प्रस्ताव**

१) कम्पनीको पन्ध्रौं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

४) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७९/०८० को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा नीजको पारिश्रमिक निर्धारण गर्ने ।

५) संस्थापक शेयरधनी समुह 'क' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालक र सर्वसाधारण शेयरधनी समुह 'ख' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ ( तीन) जना सञ्चालकको निर्वाचन गर्ने ।

६) सञ्चालक समितिमा रिक्त स्वतन्त्र सञ्चालकको पदमा भएको नियुक्तिको जानकारी तथा अनुमोदन गर्ने ।

ख) **बिशेष प्रस्ताव**

१) कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन सम्बन्धमा कम्पनीको नियमावलीको नियम ३१ मा आवश्यक संशोधन गर्ने ।

२) कम्पनीको प्रवन्धपत्र/नियमावलीको संशोधनमा सम्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन/फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३) कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७८।०७९ मा साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. तथा साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. बाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने ।

४) कम्पनीको सञ्चालक समितिका सदस्यहरु तथा अन्य समिति/उप समितिका सदस्यहरुले प्राप्त गर्ने बैठक भत्ता तथा अन्य सुविधा परिमार्जन गर्ने ।

ग) **विविध**

४) **सूचना प्रकाशन :**

कम्पनीको सञ्चालक समितिको मिति २०८०/०१/११ गतेका दिन बसेको ३४६ औं बैठकको निर्णय बमोजिम कम्पनीको १५ औं बार्षिक साधारण सभा मिति २०८० जेष्ठ ४ गते रजिष्ट्रर्ड कार्यालय रहेको स्थान विराटनगरमा आयोजना हुने भनि कम्पनी ऐन २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था अनुरुप पहिलो पटक साधारण सभा हुने मिति भन्दा २१ दिन अगावै मिति २०८० बैशाख १३ गतेको कारोवार

दैनिक र दोस्रो पटक मिति २०८० बैशाख २६ गतेको कारोबार दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम कम्पनीको बार्षिक प्रतिवेदन सहितको साधारण सभाको विस्तृत सूचना शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको तथा कम्पनीको वेभसाईटमा पनि राखिएको थियो ।

## ५) गणपुरक संख्या

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ६६.०८ प्रतिशत शेयरको उपस्थिती रहेको ब्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ४,४५,१५२ | १८ | २२८ | २४६ | - |
| शेयर संख्या | ४,५४,५५,७२१ | १९,८९,१८७ | २,८०,५१,८५२ | ३,००,४१,०३९ | ६६.०८% |

## ६) सभाको बैधानिकता र सभाको सभापतित्व

क) साधारण सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिमको प्रक्रिया पुरा गरि कम्पनीको बार्षिक साधारण सभा बोलाईएको र स्वयं उपस्थित हुने शेयरधनीहरु एवं प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत ६६.०८% रहेको हुँदा सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालनको लागि बैधानिक प्रक्रिया पुरा भएको जानकारी गराउनु भयो ।

ख) निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू, सञ्चालकज्यूहरु, सल्लाहकारज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतज्यू एवं निर्वाचन अधिकृतज्यूलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । आसन ग्रहण पश्चात् उहाँले अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूलाई सभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्नुभयो र अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडी बढाउन अनुमति दिनु भयो ।

ग) सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश विक्रम खत्रीले स्वागत मन्तब्य दिनुहुँदै जीवन बीमा क्षेत्रमा सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को नामबाट सेवा प्रदान गरिरहेका दुई कम्पनी बिचको ऐतिहासिक सफल मर्जर पश्चात् एक बनेर एक उज्ज्वल सुरुवात संगै सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कायम भई 'जीवनको लागि' भन्ने मुल नाराका साथ अझ बृहत, अझ सबल, अझ विशाल रुपमा जीवन बीमा क्षेत्रमा उभिएको र बीमा क्षेत्र कै एक सबल, उत्कृष्ठ तथा अग्रणी कम्पनीको रुपमा उभ्याउन सफल भएको ब्यहोरा ब्यक्त गर्नुभयो ।

घ) तत्पश्चात् कम्पनी सचिवले साधारण सभाका निर्धारित बिषयसूचीहरु सभालाई जानकारी गराउनु भयो ।

SuryaJyoti
Life Insurance Co. Ltd.

## ७) सभा सञ्चालन तथा बार्षिक प्रतिवेदन प्रस्तुती

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभाध्यक्ष एवं अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूले आफ्नो मन्तव्य सहित आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुका साथै छलफलका लागि सभा समक्ष अनुरोध गर्नुभयो। तत्पश्चात् अध्यक्षज्यूद्वारा सभा समक्ष साविक सूर्या लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड तथा साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण प्रस्तुत गर्नुभई सो माथिको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो बिचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो।

## ८) छलफलमा सहभागी शेयरधनी र ब्यक्त बिचार

छलफलमा सहभागी हुनुभएका शेयरधनी श्री गुरु प्रसाद लामिछाने, शुसिल कुमार खतिवडा, जनकराज मिश्र लगायतका शेयरधनीहरुबाट ब्यक्त बिचार तथा सुझावहरुको मुलभुत विषयबस्तुको सारांश निम्न बमोजिम प्रस्तुत गरिएको छ।

- कम्पनीको बार्षिक साधारण सभामा भाग लिने अवसरको लागि आभार ब्यक्त गर्नु हुँदै सूर्या लाइफ इन्स्योरेन्स कम्पनी र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी एक आपसमा गाभिई सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नामबाट कम्पनी सञ्चालनमा आएको तथा रजिष्टर्ड कार्यालय विराटनगरमा नै कायम रहेकोमा खुसी लागेको कुरा ब्यक्त।
- दुई कम्पनी बिचको मर्जर पछि कायम भएको कम्पनीको नाम असाध्यै राम्रो रहेको कुरा ब्यक्त गर्नुका साथै मर्जर समिति प्रति समेत आभार ब्यक्त।
- कम्पनीको शेयरहोल्डर हुनुमा गौरवान्वित महसुस भएको एवं मर्जर पश्चात् कम्पनीमा एउटै घरपविारको भावना रहिरहोस भन्ने कामनाका साथ कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना ब्यक्त।
- कम्पनीले शेयरधनीहरुलाई विगतमा राम्रै प्रतिफल प्रदान गर्दै आएकोमा गत तथा यस वर्ष कम्पनीले लाभांश/बोनस वितरण नगरेको हुँदा कम्पनीले शेयरधनीहरुलाई आगामी दिनमा उच्च प्रतिफल प्रदान गर्ने अपेक्षा ब्यक्त।
- बार्षिक साधारण सभा हुनु भन्दा १०-१५ दिन अगावै बार्षिक पुस्तिका उपलब्ध गराउन सुझाव।

## ९) शेयरधनीहरुको जिज्ञासाको जवाफ:

अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूले सभामा आफ्नो अमुल्य सुझाव तथा जिज्ञासा राख्नु भएका शेयरधनीहरुलाई धन्यवाद ब्यक्त गर्नु हुँदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनु भयो। यसै क्रममा साविकका सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात् 'सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड' जीवन बिमा क्षेत्रमा देशकै एक अग्रणी संस्थाका रुपमा स्थापित भएको कुरा ब्यक्त गर्नु भयो।

साथै आगामी दिनमा शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्न कम्पनी प्रयत्नसिल रहने तथा सभामा उठेका बिषयबस्तुलाई सम्बोधन गर्ने प्रतिबद्धता ब्यक्त गर्नु भयो।

## १०) साधारण सभाको निर्णयहरु :

### क) सामान्य प्रस्ताव

१) सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को बार्षिक प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. को आर्थिक बर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा/नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

३) सभामा साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को आर्थिक बर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा/नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

४) कम्पनीको लेखा परीक्षण समितिको सिफारिस बमोजिम लेखा परीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई आर्थिक बर्ष २०७९/०८० को लागि कम्पनीको बाहृय लेखापरीक्षकमा नियुक्ती गर्ने तथा निजलाई बाह्य लेखापरीक्षण शुल्क वापत मुल्य अभिबृद्धि कर बाहेक रु.४,००,०००/- (चार लाख) उपलब्ध गराउने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

त्यसै गरी साविक सूर्या लाइफ तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. बिच मर्जर कार्य सम्पन्न भई एकिकृत कारोवार हुनु पूर्व अर्थात मिति २०७९ श्रावण १ देखि मिति २०७९ पौष ६ गते सम्मको साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को बाह्य लेखा परीक्षण गर्नुपर्ने भएकोले कम्पनीको लेखा परीक्षण समितिको सिफारिस बमोजिम सो कार्यका लागि लेखा परीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई लेखापरीक्षकमा नियुक्ती गर्ने तथा लेखा परीक्षण शुल्क वापत मुल्य अभिबृद्धि कर बाहेक रु.२,००,०००/- (दुई लाख) उपलब्ध गराउने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५) संस्थापक शेयरधनी समुह 'क' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालक र सर्वसाधारण शेयरधनी समुह 'ख' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालक पदको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत, अधिवक्ता श्री पुनम कुमार गुप्ताज्यूलाई निर्वाचन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुरोध गरिए पश्चात् निर्वाचन अधिकृतज्यूले कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी 'निर्वाचन निर्देशिका, २०६७' बमोजिम मिति २०८०/०१/२१ का दिन निर्वाचन कार्यक्रम प्रकाशित गरी प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रममा उल्लेखित समयसिमा भित्र संस्थापक शेयरधनी समुह 'क' बाट श्री केशव प्रसाद भट्टराईज्यू, श्री नन्द किशोर शर्माज्यू तथा श्री विवेक झाज्यू गरी ३ (तीन) जनाको मात्र मनोनयन पत्र दर्ता हुन आएको एवं सर्वसाधारण शेयरधनी समुह 'ख' बाट श्री हेमन्त नाहटाज्यू, श्री आकाश गोल्छाज्यू तथा श्री प्रिया तायलज्यू गरी ३ (तीन) जनाको मात्र मनोनयन पत्र दर्ता हुन आएको

जानकारी सभालाई गराउनु भई संस्थापक शेयरधनी समुह 'क' बाट श्री केशव प्रसाद भट्टराईज्यू, श्री नन्द किशोर शर्माज्यू तथा श्री विवेक झाज्यू एवं सर्वसाधारण शेयरधनी समुह 'ख' बाट श्री हेमन्त नाहटाज्यू, श्री आकाश गोल्छाज्यू तथा श्री प्रिया तायलज्यू कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

उपरोक्त बमोजिम संस्थापक शेयरधनी समुह 'क' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरु एवं सर्वसाधारण शेयरधनी समुह 'ख' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचनलाई सभाले सर्वसम्मतिबाट स्विकृत / अनुमोदन गऱ्यो ।

नव निर्वाचित सञ्चालकज्यूहरुलाई निर्वाचन अधिकृत श्री पुनम कुमार गुप्ताज्यूले बधाई ज्ञापन तथा कार्यकालको सफलताको शुभकामनाका साथ प्रमाणपत्र प्रदान गर्नुभई निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य समाप्त भएको घोषणा गर्नुभयो ।

नव निर्वाचित सञ्चालकहरुलाई सञ्चालक समितिका स्वतन्त्र सञ्चालक श्री चूडामणि देवकोटाज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश विक्रम खत्रीज्यूले पुष्पगुच्छा प्रदान गर्नुभई बधाई ज्ञापन गर्नुभयो ।

६) यस कम्पनीको सञ्चालक समितिमा रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा सञ्चालक समितिको मिति २०८०/०१/११ मा बसेको ३४६ औं बैठकबाट ज्ञानेश्वर, काठमाण्डौं निवासी श्री चुडामणि देवकोटाज्यूलाई ४ बर्षका लागि नियुक्त गरेकोमा उक्त निर्णय सभा समक्ष जानकारी तथा अनुमोदनको लागि पेश हुँदा सो प्रस्ताव सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो ।

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन सम्बन्धमा कम्पनीको नियमावलीको नियम ३१ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भई छलफल पश्चात् नियमावलीको नियम ३१ मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

| नियम | हाल कायम रहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ३१ | कम्पनीमा संचालक नियूक्ती गर्दा निम्न समुहबाट निम्न संख्यामा संचालकको प्रतिनिधित्व गराईने छ ।<br>(१) समुह "क" (संस्थापक शेयरधनीहरु) मध्येबाट ४ (चार) जना<br>(२) समुह "ख" (सर्वसाधारण शेयरधनीहरु) मध्येबाट २ (दुई) जना<br>(३) स्वतन्त्र संचालक १ (एक) जना हुनेछ । | कम्पनीमा संचालक नियूक्ती गर्दा निम्न समुहबाट निम्न संख्यामा संचालकको प्रतिनिधित्व गराईने छ ।<br>(१) समुह "क" (संस्थापक शेयरधनीहरु) मध्येबाट ३ (तीन) जना<br>(२) समुह "ख" (सर्वसाधारण शेयरधनीहरु) मध्येबाट ३ (तीन) जना<br>(३) स्वतन्त्र संचालक १ (एक) जना हुनेछ । | शेयर संरचनाको अनुपात बमोजिम संचालक समितिमा प्रतिनिधित्व हुनु पर्ने भएकोले । |

२) कम्पनीको प्रवन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन/फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव स्विकृतार्थ सभा समक्ष पेश भएकोमा उक्त प्रस्ताव सभाद्वारा सर्वसम्मतीबाट पारित भयो ।

३) आर्थिक वर्ष २०७८।०७९ मा साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. बाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न कार्यका लागि भएको खर्च रु.८४,४१०/- कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम अनुमोदनका लागि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो । साथै साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. बाट आर्थिक वर्ष २०७८।०७९ मा सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च नभएको ब्यहोरा सभा समक्ष जानकारी गराईयो ।

४) बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १० को प्रावधान अनुरुप सञ्चालक समितिको बैठक भत्ता तथा अन्य सुविधा कम्पनी सम्बन्धी प्रचलित कानुन बमोजिम बनाईएको बिमकको नियमावलीमा तोकिए बमोजिम हुनेछ भन्ने उल्लेख भएको एवं कम्पनीको नियमावलीको दफा ३२ (१) मा सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ भन्ने ब्यवस्था रहेको सन्दर्भमा कम्पनीको सञ्चालक समितिको बैठक भत्ता समय सापेक्ष परिमार्जन/बृद्धि गर्न आवश्यक देखि सञ्चालक समितिको मिति २०८०।०१।११ मा बसेको ३४६ औं बैठकबाट अध्यक्षको बैठक भत्ता प्रति बैठक रु.२०,०००/- र सञ्चालकको बैठक भत्ता प्रति बैठक रु.१८,०००/- कायम गर्ने, सञ्चालक समितिद्वारा गठित समिति तथा उपसमितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यको बैठक भत्ता सञ्चालक समितिको सरह नै प्रदान गर्ने एवं सो प्रस्ताव बार्षिक साधारण सभा समक्ष स्विकृतिका लागि पेश गर्ने भनि भएको निर्णय बमोजिम स्विकृतिको लागि सभा समक्ष पेश हुन आएको सो प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले पारित गऱ्यो ।

साथै सञ्चालक समितिको सोही बैठकबाट पत्रपत्रिका, टेलिफोन, मोबाइल, इन्टरनेट खर्च बापत सञ्चालक समितिका अध्यक्षलाई प्रति महिना रु.३०,०००/– (तीस हजार) तथा सञ्चालकहरुलाई प्रति महिना रु.२५,०००/– (पच्चीस हजार) कायम गर्न बार्षिक साधारण सभा समक्ष स्विकृतिका लागि पेश गर्ने भनि भएको निर्णय बमोजिम स्विकृतिको लागि सभा समक्ष पेश हुन आएको सो प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले पारित गऱ्यो ।

**ग) <u>विविध</u>**

विविध अन्तर्गत छलफलका लागि कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको ब्यहोरा सभामा जानकारी गराईयो ।

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

सभाका अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरु, कर्मचारीहरु, नियामक निकाय नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, सि.डि.एस एण्ड क्लियरिङ्ग लि., शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लि. का साथै सरोकारवाला सबै कार्यालयहरु तथा महानुभावहरुलाई कम्पनीको पन्ध्रौं बार्षिक साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा हार्दिक धन्यवाद ब्यक्त गर्दै सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

SuryaJyoti Life Insurance Co. Ltd.

**(भरत के.सी.)**
**कम्पनी सचिव**

**(केशव प्रसाद भट्टराई)**
**अध्यक्ष**